# राक्सिराङ्ग गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चैनपुर, मकवानपुर
बागमती प्रदेश, नेपाल




# आर्थिक वर्ष २०७७/०७८ को
# वार्षिक नीति, कार्यक्रम तथा बजेटको
# प्रगति प्रतिवेदन एवं समिक्षा
## २०७८ साउन २६

**संरक्षक**
**राजकुमार मल्ल**
**अध्यक्ष**

**सल्लाहकार**
**निर्मला हिम्दुङ**
**उपाध्यक्ष**

**प्रतिवेदन तयार तथा सम्पादन**
देब चन्द्र गतौंला : प्रमुख प्रशासकीय अधिकृत
अन्जन हटुवाल : सूचना प्रविधि अधिकृत

**प्रकाशकः**
राक्सिराङ गाउँपालिका
गाउँपालिकाको कार्यालय, राक्सिराङ चैनपुर, मकवानपुर
बागमती प्रदेश, नेपाल

इमेल : **info@raksirangmun.gov.np**

वेभसाईट : **https://raksirangmun.gov.np/**

प्रकाशन मिति : २०७८ साउन

© राक्सिराङ्ग गाउँपालिका

# अध्यक्षको भनाई



*राजकुमार मल्ल*
*अध्यक्ष*

नेपालको संविधान २०७२ सालमा घोषणा भएपश्चात मिति २०७४ बैशाख ३१ को स्थानीय तहको निर्वाचन पश्चात अधिकतम मतका साथ विजय भई वा जनताको म्यान्डेट प्राप्त गरी जनताहरुकै हितका लागि राक्सिराङ्ग गाउँपालिकाको अगुवाई गर्दै राक्सिराङ्ग निर्माण अभियानलाई काँधमा राखि विकासको अभियानलाई सार्थक बनाउने क्रममा तेस्रो आर्थिक बर्षसम्मको नीति तथा कार्यक्रम र बजेट सफलताका साथ कार्यान्वयन गरि आ.व. २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको समीक्षाको चरणमा पुगेका छौं ।

संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ तथा अन्य प्रचलित कानूनमा भएका प्रावधानहरुले स्थानीय तह अधिकार सम्पन्न सरकारको रुपमा रहेको छ । संघिय सरकार, प्रदेश तथा स्थानीय तहको राजश्वको अधिकार, राजश्वको बाँडफाँड, अनुदान, बजेट ब्यबस्थापन, सार्वजनिक खर्च तथा वित्तिय सुशासन सम्बन्धि आवश्यक ब्यबस्थापनकालागि अन्तरसरकारी वित्तिय ब्यबस्थापन ऐन २०७४ जारी भै कार्यान्वयनमा आएको छ। संघिय लोकतान्त्रिक गणतन्त्रात्मक ढाँचामा राज्यको पुनर्संरचना मार्फत जनप्रतिनिधिमूलक स्थानीय तहलाई अधिकार सम्पन्न स्थानीय सरकारको मान्यता प्रदान गरेको छ।

हाम्रो गाउँपालिकाले नेपालको संविधान बमोजिम आफ्नो श्रोत साधनको प्रबन्ध गर्ने र त्यसलाई न्यायोचित एवं प्रतिफलमुलक रुपमा प्रयोग गरी स्रोत साधनको परिचालन गर्ने प्रयासमा रहेको छौं । बजेट निर्माणमा स्रोत साधनको सिमितता र अत्याधिक आवश्यकता, मागलाई प्राथमिकिकरण गर्दै बहुआयामीक विषयहरुलाई संबोधन गर्नुपर्ने भएकाले कुनै एक क्षेत्र र विषयमा अपेक्षाकृत विनियोजन नभएको हुन सक्छ । नेपाल सरकारको समृद्ध नेपाल सुखी नेपाली भन्ने नारालाई आत्मसाथ गरेर नै बजेट निर्माणको प्रयास गरेका हौं । सुशासन, समृद्धि र सेवा प्रवाह नै हाम्रो उद्देश्य हो । त्यसैले आगामी दिनहरुमा यँहाहरुको रचनात्मक सल्लाह सुझाव र आवाजहरुको कदर गर्दै अघि बढ्ने प्रतिवद्धता पुनः सगौरव व्यक्त गर्दछु ।

विगतका वर्षहरुमा गाउँवासिहरुबाट प्राप्त पृष्ठपोषण तथा हाम्रा सकारात्मक सिकाई एवं अनुभवलाई आत्मसाथ गर्दै हामी अझ परिष्कृत ढंगबाट अगाडि बढ्ने प्रयासमा रहेका छौं । आशा छ आगामी आर्थिक वर्षमा पनि यस गाउँका स्वीकृत योजना तथा कार्यक्रमहरु सफलताका पूर्वक सम्पन्न हुनेछन् । सुशासन कायम राख्दै गाउँबासीहरुको सकारात्मक राय सुझाव र सहयोग अनुसार नै यो सरकार सञ्चालन हुनेछ । आ.व. २०७६।७७ का लागि गाउँसभाबाट पारीत गरिएको नीति तथा कार्यक्रम र बजेट प्रतिफलमुलक कार्यान्वयन गर्दै हामी समृद्ध राक्सिराङ्ग निर्माणको दिशातर्फ एकजुट भएर लाग्यौं भन्ने अपेक्षा लिएको छु ।

अन्तमाः आ.व. २०७७७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यन्वयन गर्ने क्रममा सहयोग गर्नुहुने सम्पूर्ण गाउँबासी, गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु र गाउँपालिकाका कर्मचारीहरु प्रति राक्सिराङ्ग गाउँपालिका हार्दिक धन्यवाद प्रकट गर्दछु ।

# उपाध्यक्षको भनाई



*निर्मला हिम्दुङ्ग*
*उपाध्यक्ष*

संघीय नेपालको संविधान लागू भएसँगै नेपालमा तीन तहको सरकार मार्फत विकास र सेवा प्रवाह गरी जनचाहना बमोजिम शासन सञ्चालन गर्ने प्रयास भएको छ। संविधानको व्यवस्था बमोजिम लामो समयको अन्तरालपछि स्थानीय सरकारको निर्वाचनन सम्पन्न भयो ।

हाल सम्मको बजेट कार्यान्वयनको क्रममा धेरै अनुभव हाँसील सँगै सिकाई पनि भयो । यो अनुभवलाई आगामी आर्थिक वर्षको बजेट चक्रमा पृष्ठपोषणको रुपमा लिई अघि बढ्नेनै छौँ ।

आर्थिक वर्ष २०७७७८ को योजना तथा कार्यक्रममा पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास, वन तथा वातावरण तथा विपद् व्यवस्थापन जस्ता विषयहरुमा जोड दिई बजेट विनियोजन गरेका थियौं। गाउँपालिकाको विकासमार्फत समृद्धि हासिल गर्न गाउँवासीका आवश्यकतालाई श्रोत र साधनको उपलब्धता र प्राविधिक सम्भाव्यताका आधारमा क्रमशः सम्बोधन गर्दै जाने नीीत अवलम्वन गर्न सफल भएकै छौँ। आगामी वर्ष पनि विगतका अनुभव एवं अमूल्य सिकाईहरुलाई अङ्गिकार गर्दै दिगो रुपमा विकासका सुचकाङ्कहरुलाई मुख्य प्राथमिकतामा राखि बजेट तयार गर्ने छौं।

संघीयता कार्यान्वयनको सुरुवाती अवस्थामा धेरै जनअपेक्षा र जनगुनासाहरु हुनु स्वभाविक नै हो । उक्त गुनासो संबोधन गर्ने जनताको सबैभन्दा निकटतम सरकारको रुपमा स्थानीइ सरकार रहेको हुँदा प्रत्येक सुखदुखमा सँगसँगै हिड्दै सकारात्मक परिवर्तन र विकास गर्ने लक्ष्य लिएका छौँ ।

गाउँपालिकाले अवलम्बन गरेको नीति तर्जुमा, विनियोजीत बजेट कार्यान्वयनमा सरोकारवाला सबै पक्षको अमूल्य सहयोग र अर्थपूर्ण सहभागिताको लागि धन्यवाद व्यक्त गर्दै यहाँहरु माझ आर्थिक वर्ष २०७७७८ को नीति कार्यक्रम तथा बजेटको वार्षिक समीक्षा पुस्तीका प्रकाशन गरेका छौं। अन्तमा गत वर्षको बजेट प्रणालीमा सक्रिय पूर्वक सहयोग गर्नुहुने विद्धान वर्ग, पेशाकर्मी, ब्यापारी राजनीतिक दल, सञ्चारकर्मी, कर्मचारी र आम गाउँवासीहरु प्रति धन्यवाद व्यक्त गर्दछु।

## प्रमुख प्रशासकिय अधिकृतको भनाई



*देब चन्द्र गर्तौला*
*प्रमुख प्रशासकीय अधिकृत*

नेपालको संविधान २०७२ को धारा ५७ अनुसार संघ, प्रदेश र स्थानीय गरी तिन तहमा राज्य शक्तिको बाँडफाँड गरेको छ। तिनै तहका सरकारहरुको निर्वाचन सम्पन्न भएर स्थानीय तहमा लामो समय देखीको जनप्रतिनिधिहरुको रिक्ततालाई पुरा गरेको छ। नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ मा भएका प्रावधानहरुले स्थानीय तह अधिकार सम्पन्न सरकारको रुपमा रहेको छ।

शासकीय प्रणालीमा आएको फेरबदल सँगै नेपालमा तीन तहका सरकार निर्वाचनद्धारा स्थापित भैसेकेका छन्। तीनै सरकारमध्ये एक स्थानीय सरकारको रुपमा राक्सिराङ्ग गाउँपालिका रहेको छ। लामो समयको जनप्रतिनिधि विहिन तत्कालिन स्थानीय निकायको रिक्तता पूर्ति गर्न रुपान्तरित स्थानीय तहको सरकारको रुपमा गाउँ सरकार स्थापना भएको पनि तीन वर्ष पुरा भईसकेको छ। नयाँ व्यवस्था, नयाँ प्रणाली, नयाँ कार्यक्षेत्रको नेतृत्व सम्हाल्न जनताद्धारा अनुमोदीत नयाँ पदाधिकारीको आगमन सँगसँगै स्थानीय जनताको विकास मार्फत समृद्धि र सुशासन सहितको सेवा प्रवाहलाई व्यवहारमा उतारी दुरदृष्ट, दृढ इच्छाशक्ति र नवीन सोच सहित अगाडि बढ्न जरुरी रहेको छ।

नेपाली जनताको विरतापूर्ण संघर्षको इतिहास सँगै लोकतान्त्रिक आन्दोलन मार्फत जनताबाट चुनियर आएका जनप्रतिनिधि र प्रशासनबिच समन्वय र सहकार्य गर्दै गाउँबासीहरुबाट प्राप्त अमूल्य सुझावहरुलाई आत्मसाथ गर्दै समग्र गाउँवासीहरुको चाहना र इच्छा अनुरुप विकासका लहरहरु क्रमशः लैजानु जरुरी छ।

अन्त्यमा राजनीति र प्रशासनबिचको उचित समन्वय र कार्यगत एकताले मात्र हामीले लिएका लक्ष्यहरु कार्यरुपमा बदल्न सकिन्छ। त्यसबाट निस्कने प्रतिफलले मात्र जनताको मुहारमा मुस्कान र वास्तविक जीवनमा सुखको अनुभूति दिलाउन सकिन्छ। यसर्थ आगामी आर्थिक बर्षहरुको वार्षिक बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनमा सबै क्षेत्रको सकारात्मक सहयोगको अपेक्षा गरेको छु।

# परिचय

## पृष्ठभूमि

मकवानपुर जिल्लाको पश्चिमी उत्तर भागका ४ वटा साविक गा.वि.स.हरु राक्सिराङ्ग, काँकडा, खैराङ्ग र सरिखेत मिलाई नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णयले राक्सिराङ्ग गाउँपालिका गठन भएको हो । यस गाउँपालिकाको जनसंख्या ३०८३० (घरधुरी सर्वेक्षण,२०७५, राक्सिराङ्ग गा.पा.), कुल क्षेत्रफल २२६.७ वर्ग कि.मि. र जनघनत्व १३६ प्रति व्यक्ति वर्ग कि.मि.छ । यसको पूर्वमा हेटौडा उप-महानगरपालिका र कैलाश गाउँपालिका, पश्चिममा चितवन जिल्लाको राप्ति नगरपालिका, दक्षिणमा मनहरी गाउँपालिका र उत्तरमा कैलाश गाउँपालिका र धादिङ्ग जिल्लाको बेनिघाट रोराङ्ग गाउँपालिका पर्दछ ।

नेपालको वर्तमान संविधानले नेपालमा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शास्सन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र सम्वृद्धिको आकांक्षा पुरा गर्ने लक्ष्य लिएको छ । सोहि अनुसार गाउँपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने अभिभारा गाउँ कार्यपालिकामा रहे अनुसार गाउँपालिकाले आफ्ना क्रियाकलाप संचालन गरिरहेको छ । जनताका इच्छा आकांक्षा र चाहनालाई गाउँसरकार बाट सम्बोधन गरि संघीयताका लाभहरूको सम्प्रेषण गर्ने महत्वपूर्ण जिम्मेवारी हाम्रो समू रहेकाले यो चुनौतीलाई अवसरका रुपमा रुपान्तरण गरि परिवर्तनका सकारात्मक नतिजाहरुतर्फ इमान्दार तरिकाले केन्द्रित हुनु जरुरि रहेको छ ।

# आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको समग्र समिक्षा

## सोंच, लक्ष्य, उद्देश्य र उपलब्धिहरु

नेपालको संविधान बमोजिम केन्द्र, प्रदेश तथा स्थानीय सरकारवीच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तका आधारमा "कृषि विद्युत पर्यटन र पूर्वाधार, राक्सिराङ विकासका चार आधार" को महान अभियानलाई सार्थकता प्रदान गर्ने दिशा तर्फ सम्पूर्ण विकास निर्माणका क्रियाकलापहरु अगाडी बढाइने लक्ष्यका साथ स्थानीय जनतालाई "प्रभावकारी स्थानीय सरकार" को अनुभूति गराउन सरकारी निकायको पहुँच तथा संस्थागत सबलीकरणमा जोड दिइ आगामी आर्थिक बर्षलाई "समृद्ध र सुन्दर राक्सिराङ" को रुपरेखा तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने आधार बर्षको रुपमा आ.व. २०७७/०७८ लाई लिइएको थियो । पारदर्शी, जनसहभागितामूलक र जनउत्तरदायी विकास प्रशासन मार्फत आन्तरिक क्षमताको विकास गर्दै भौतिक पूर्वाधार, आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रको विकास गरी समृद्ध र अनुकरणीय स्थानीय तहको रुपमा राक्सिराङवासीको सुन्दर भविष्य कोर्ने यस बजेटको आधारभूत सौँच राखिएको थियो।

संविधानको कार्यान्वयनमा नेपाल सरकार प्रदेश सरकारलाई सहयोग गर्ने, भौतिक पूर्वाधारको निर्माण तथा नागरिकको क्षमता अभिवृद्धि मार्फत रोजगारीका अवसरहरु वृद्धि गर्दै आर्थिक समता कायम गर्ने, राक्सिराङ गाउँपालिकाको चौतर्फी विकासका लागि सरकारी श्रोत परिचालनलाई प्रभावकारी बनाउने, गाउँ कार्यपालिका र अन्तर्गतका वडा कार्यालयहरुबाट प्रदान गरिने सेवामा आम नागरिकको सहज पहुँच स्थापित गर्ने, विकासका हरेक क्रियाकलापमा नागरिकको सहभागितालाई सुनिश्चित गरी नागरिकको क्षमता विकास र श्रोतको उच्चत्तम उपयोगलाई सुनिश्चित गर्ने आ.व. २०७७/०७८ को उद्देश्य पुरा गर्न हामी सबैको अत्यन्त महत्वपूर्ण प्रयास रह्यो । राक्सिराङ गाउँपालिका तथा वडा कार्यालयहरु, संघीय सरकारद्धारा स्थानीय तहमा हस्तान्तरण भई आउने कार्यालयहरु तथा कार्यक्रमहरुबाट हुने सेवा प्रवाहमा बाधा नपर्ने गरी उचित व्यवस्थापन गर्ने व्यवस्था मिलाइएको छ। सूचनामा नागरिकको पहुँच विस्तार गर्न सूचना प्रविधिको प्रयोग गर्ने र कार्यालयको तथ्यांकहरु डिजिटल भण्डारण गर्ने व्यवस्था मिलाइयो। संघीय सरकारबाट हस्तान्तरण भई आउने निकाय एवं कर्मचारीको व्यवस्थापन, कार्यालयका आवश्यक सामग्रीहरुको व्यवस्थापन हुने र गाउँपालिकाबाट नै नागरिकलाई सेवा प्रवाह गरी "प्रभावकारी जननिर्वाचित स्थानीय सरकार" लाई सफल बनाउन आवश्यक व्यवस्था मिलाइयो। संघीय व्यवस्था अनुकुल संगठन तथा कर्मचारीको क्षमता विकास गर्नु सबै कर्मचारीलाई आधुनिक प्रविधिमैत्री बनाई सेवा प्रवाहमा प्रभावकारीता ल्याउनका लागि तालिमको व्यवस्था मिलाइयो । गाउँपालिकाभित्रका सवै क्षेत्रका तथ्यांक संकलन गरी गाउँपालिकाको यथार्थ स्थिति चित्रण गर्न विद्युतीय पार्श्वचित्र (Digital Profile) निर्माण गर्नको लागि तथ्याँक संकलन गर्ने कार्य गरियो। स्थानीय नागरिकलाई सूसुचित गरी पारदर्शिता प्रवर्द्धन गर्न रेडियो कार्यक्रमहरुलाई निरन्तरता दिंदै स्थानीय अवसरहरुलाई उजागर समेत गर्न गाउँपालिकामा सामुदायिक स्तरमा स्थापना हुने एफ.एम.लाई लागत साझेदारीमा सञ्चालन हुने गरी अनुदानका लागि कार्य अघि बढाइयो। सुशासनका लागि सार्वजनिक सुनुवाई कार्यक्रमहरु संचालन गरियो। वोटवारी-परेवाभिर सडक स्तरोन्नती, चेपाङ्ग संग्राहलय तथा कोशेली घर, गाउँ कार्यपालिकाको केन्द्रीय प्रशासनिक भवन निर्माण कार्य सुरु गरियो। खाद्य सुरक्षा बैंक स्थापनाका लागि आवश्यक कानुन तर्जुमा गरिनुका साथै वाली विज्ञान अध्ययनपन अनुदान, आवधिक योजना तर्जुमा विपन्न परिवारको खरको छाना विस्थापन कार्यक्रम, चेपाङ्गलाई विजुली जस्ता स्थानीय गौरवका आयोजना तथा कार्यक्रमहरु प्रभावकारीताक साथ संचालन गरियो।

## वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु

- गाउँपालिकाद्वारा देहायका नीति तथा आधारहरु अवलम्वन गरी आ.व.२०७७/७८ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा नेपालको संविधानले परिलक्षित गरेका राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- नेपाल सरकारको चालु तिन बर्षे योजनाले निर्धारण गरेका लक्ष्य रणनीति तथा प्राथमिकताहरु,
- नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम,
- दिगो विकास लक्ष्यहरु (Sustainable Development Goals) ले निर्धारण गरेका प्रमुख क्षेत्रहरु,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेका व्यवस्थाहरु,
- स्थानीय तहको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७४ ले गरेका व्यवस्थाहरु,
- नेपाल सरकारका क्षेत्रगत नीतिहरु,
- नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समय समयमा प्राप्त मार्गदर्शन तथा निर्देशनहरु,
- प्रदेश सरकारले तय गरेको बार्षिक नीति तथा कार्यक्रम,
- प्रदेश सरकारका विषय क्षेत्रगत नीतिहरु तथा योजनाहरु,
- राजनैतिक दलहरु, विषयगत कार्यालय, गै.स.स., नीजि क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु,
- वस्ति स्तरीय भेला /वडा भेला, वडा समितिबाट प्राथमिकीकरण, राजश्व परामर्श समिति, विभिन्न क्षेत्रगत समितिहरु, बजेट तर्जुमा समिति हुँदै सहभागितामूलक र समावेशी योजना तर्जुमा प्रकृयाद्धारा प्राथमिकीकरण सहित प्राप्त भएका योजनाहरु,
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जीत दायित्वहरु संघ र प्रदेश सरकारले अवलम्वन गरेका अन्य आर्थिक नीतिहरु
- वडा कार्यालयबाट प्राप्त तथ्यांक एवं सूचनाहरु, आदि ।

### गाउँपालिकाले आ.व.२०७७/०७८ को वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा देहायका विषयहरुलाई प्राथमिकतामा राखिएको ।

- शिक्षा, स्वास्थ्य, खानेपानी, तथा सरसफाईमा लगानी वृद्धि गरी सामाजिक क्षेत्रको विकास मार्फत कोभिड-१९ ( कोरोना भाइरस) को रोकथाम तथा न्यूनीकरण गर्ने,
- भौतिक तथा आर्थिक पूर्वाधारको विकास,
- कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण,
- सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारीबाट पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन,
- रोजगारमूलक समावेशी आर्थिक विकास,
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सुशासन प्रवर्द्धन,
- वन, वातावरण र जलवायु परिवर्तन,
- मानव अधिकार, एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण ।

## क्षेत्रगत नीति तथा आधारहरुको समिक्षा

"कृषि, विद्युत, पर्यटन र पूर्वाधार, राक्सिराङ्गको विकासको आधार" भन्ने नारालाई जनप्रतिनिधिको पाँच बर्षीय कार्यकालको मूल नाराको रुपमा अङ्गीकार गरि बजेट, नीति कार्यक्रम तथा योजना संचालनका लागि पनि अवलम्बन गरिए बमोजिम सोहि नारालाई निरन्तरता दिइएको।

### पूर्वाधार विकास

गत आ.व.मा जनताले अनुभूती गर्न सक्ने गरी विकासका प्रतिफल प्राप्त हुने खालका रणनीतिकरुपले महत्वपूर्ण र स्थायी संरचना विकास हुने खालका योजना तर्जुमा एवं प्राप्त स्रोतको एकीकृतरुपमा परिचालन गरी विकासका ठूला एवं वहुबर्षीय आयोजनाहरु सञ्चालनमा विशेष जोड दिइयो। राक्सिराङ गाउँपालिकाको योजनावद्ध रुपमा सबै क्षेत्रको सन्तुलित विकासका लागि पञ्चबर्षीय विकास योजना र क्षेत्रगत विकास योजना तर्जुमा गरी लागू गरिने नीति अनुसार आवधिक योजना तर्जुमा गरियो । गाउँ कार्यपालिकाको केन्द्रीय प्रशासकीय भवन तथा वडा कार्यालय भवन निर्माण कार्यलाई संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा प्रारम्भ गरिने नीति अनुसार गाउँपालिकाको केन्द्रीय प्रशासकीय भवन निर्माण कार्यको सुरुवात गरियो । गाउँपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारको विकास, सम्भार र सञ्चालनको उचित व्यवस्था मिलाइयो । सडक सञ्जालहरुको स्तरोन्नती गरी सबै वडास्तरमा सडक सेवा विस्तार गर्दै जनताको दैनिक जीवनशैलीमा सहजता ल्याइयो। विस्तृत परियोजना प्रतिवेदन तयार भएका पक्कि पुलहरु निर्माणको लागि संघ तथा प्रदेश सरकारलाई अनुरोध तथा झोलुङ्गे पुल निर्माणको लागि पहल गरियो। कृषियोग्य भूमी र ग्रामीण शहरीकरणलाई व्यवस्थित गरी गाउँपालिकास्तरीय भू-उपयोग नीति तर्जुमा गरियो । गाउँपालिकाका सबै बस्तीहरुमा स्वच्छ पिउने पानीको व्यवस्था गर्न टोलटोलमा रहेका परम्परागत खानेपानीका स्रोतहरुलाई एकिकृत गरी हरेक घरधुरीमा खानेपानीको सुविधा पुऱ्याउन खानेपानी वितरण प्रणालीको विस्तृत सर्भेक्षण गरी “एक घर एक धारा” को अवधारणा कार्यान्वयन गर्न खानेपानी योजनाहरु संचालन गरियो । कृषि उत्पादनलाई प्रवर्द्धन गर्न साना तथा आवश्यकता अनुसार ठूला सिंचाई आयोजनाहरु निर्माणमा गरियो ।

### आर्थिक विकास : कृषि, पशुपंक्षी, उद्योग तथा वित्तीय क्षेत्र

स्थानीय कृषि उत्पादनलाई प्रवर्द्धन एवं संरक्षण गर्न गाउँपालिका स्तरमा एक खाद्य सुरक्षा बैंक स्थापना गर्न आवश्यक कानुन निर्माण गरियो । गाउँपालिका क्षेत्रभित्र व्याप्त बढ्दो बेरोजगार न्यूनीकरण गरी युवा वर्गमाझ स्वरोजगारका अवसरहरु सृजना गर्न अध्यक्ष रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरियो। कृषियोग्य भूमीको सदुपयोग गरी कृषि उपजको उत्पादनमा अभिवृद्धि गर्न भूउपयोग सम्बन्धी गाउँपालिका स्तरको रणनीतिक योजना तर्जुमा गरी बाँझो जमिनमा सामुहिक वा सहकारी खेती गर्न प्रोत्साहन गर्न नीति तयार गरि आवश्यक कार्य अघि बढाइयो। मौरीपालन, फलफूल खेती, अलैची, कफी तथा चिया खेती जस्ता नगदे बाली र बेमौसमी तरकारी, अर्गानिक खेतीको प्रवर्द्धन र विकासका लागि कृषकहरुको क्षमता अभिवृद्धि गर्न अनुदान तथा प्रोत्साहन कर्यक्रमहरु गरियो। पशुपंक्षी पालन सम्बन्धी कार्यक्रमहरु दलित, महिला, आदिवासी जनजाती, अल्पसंख्यक, विपन्न वर्ग तथा सिमान्तकृत समुदाय जस्ता लक्षित वर्गमा केन्द्रित गरी त्यस्ता वर्गहरुको आर्थिकस्तर सुदृढीकरण र बजारमा पहुँच विस्तार गर्ने रणनीति अवलम्बन गर्ने

नीति अनुसार दलित बंगुर वितरण जस्ता कार्यक्रमहरु संचालन गरियो । स्थानीय सीपलाई आधुनिकीकरण र व्यवसायीकरण गर्न स्थानीय सीपमा आधारित श्रममूलक घरेलु तथा साना उद्योगहरुको व्यवस्थापन, क्षमता विकास र प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरियो । खैराङको गैजुराङ तथा सरिखेतको चमेरे गुफा र जलपरी झरनालाई पर्यटकीय गन्तव्य स्थलको सूचीमा सूचीकृत गर्न पहल गरिनुका साथै गाउँपालिका क्षेत्र भित्रका पुरातात्विक सम्पदाहरुको विकास र संरक्षणका लागि अन्तर सरकारी सहकार्यबाट समेत संरक्षणात्मक, प्रवर्धनात्मक र विकासात्मक कार्यहरु गरियो ।

**स्वास्थ्य, शिक्षा, बालबालिका, समावेशीकरण र सांकृतिक विकास**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ (कोरोना भाइरस) नियन्त्रण तथा रोकथाम गर्नको लागि आवश्यकता अनुसार क्वारेन्टिनहरु सञ्चालन तथा व्यवस्थापन गरिनुका साथै कोभिड अस्पताल निर्माण गरि मेडिकल अधिकृतको व्यवस्था मिलाइयो । साथै, कोभिड-१९ को संक्रमण समुदायस्तरमा फैलन नदिन स्वास्थ्य सचेतनाका कार्यक्रमहरु सञ्चालन गरियो ।स्वास्थ्य सम्बन्धी सेवाहरुको स्तरीकरण र विकास गरी केन्द्र सरकारको नीति अनुरुप चिकित्सक सहितको १० शैंयाको अस्पताल निर्माण कार्य अघि बढाइयो । साथै, स्थानीय जनतामा गुणात्मक स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरियो । बालबालिका, गर्भवती तथा सुत्केरीहरुको पोषण अवस्थाको लेखाजोखा, नियमन, कुपोषण उपचार लगायत मातृ शिशु सुरक्षाको लागि पोषण प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने र महामारी फैलाउन सक्ने रोगहरुको निगरानी र नियन्त्रणको लागि निरोधात्मक र उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरियो । परिवार नियोजन, प्रसुती सम्बन्धी सेवा, स्त्रीरोग सम्बन्धी स्वास्थ्य सेवाको विस्तार र स्वास्थ्य सेवामा नागरिकहरुको पहुँच विस्तार गर्ने तथा आकस्मिक अवस्थामा उपचारको व्यवस्था मिलाइयो । साथै, आमा वुवा वचाउ कार्यक्रमलाई निरन्तरता दिइयो । ज्येष्ठ नागरिकहरुको अनुभवको आदानप्रदान गर्न तथा समाजमा वहाँहरुले पुऱ्याउनुभएको योगदानको कदर गर्नका लागि गाउँपालिकामा रहेका ज्येष्ठ नागरिकहरुलाई सम्मान गरियो । विद्यार्थी संख्या तथा भौगोलिक अनुकुलताको आधारमा विद्यालय मर्ज तथा शिक्षक दरवन्दी मिलान जस्ता कार्यहरु अघि बढाइयो । विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न शैक्षिक गुणस्तर वृद्धि लगायतका चेपाङ्ग छात्रवृत्ति कार्यक्रमहरुलाई निरन्तरता दिदै विपन्न दलित छात्रछात्रालाई प्रोत्साहन कार्यक्रमहरु संचालन गरियो । महिला, फरक क्षमता भएका व्यक्तिहरु, दलित समुदाय, अल्पसंख्यक र सिमान्तकृत समुदायलाई समूहकृत गरी आय आर्जन सम्बन्धी व्यवसायिक सीप विकास मार्फत व्यवसायीकरण गर्न रोजगारी अभिवृद्धिका कार्यक्रमहरु संचालन गरियो । .

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

मुख्य सडकको छेउपट्टी र नाङ्गा डाँडा तथा बगर क्षेत्रमा वृक्षारोपण, विद्यालय तथा सार्वजनिक निकायमा उद्यान, सडक छेउछाउ वायो इन्जिनियरिङका माध्यमबाट वातावरणमैत्री विकासलाई प्रवर्द्धन गर्ने गरि विकास निर्माणको कार्यहरु गरियो । वातावरण संरक्षण र वनजंगल संरक्षण, कार्वन उत्सर्जन कटौती, कार्वन व्यापार तथा रेड (REDD) सम्बन्धमा समूदायको चेतना अभिवृद्धि गराउने र जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरियो । विपद् व्यवस्थापनलाई सहज बनाउन बनाउन स्थानीय विपद् व्यवस्थापन कोषलाई थप प्रभावकारी बनाई गाउँपालिकाको विपद् व्यवस्थापनका क्षेत्रहरुमामा उल्लेख्य कार्यहरु गरियो । प्रत्येक वडामा विपद् व्यवस्थापनसँग

सम्वन्धित औजार, उपकरण तथा सामाग्रीहरुको जोहो गरिनुका साथै तालिम र वितरण कार्य गरियो । विपद्को दृष्टिकोणले जोखिमयुक्त खरको छाना भएका घरको खरको छानोलाई प्रतिस्थापन कार्यक्रम संचालन गरियो । बाढी, पहिरो, आगलागी, चटयाङ जस्ता विपदका पिडितहरुलाई राहत सामग्रीहरु उपलब्ध गराइनुका साथै कोभिडका कारण समस्या ग्रस्त परिवारहरुलाई राहत सामग्री उपलब्ध गराइयो।

**सुशासन तथा संस्थागत विकास**

जनउत्तरदायी स्थानीय सरकारको अनुभूती गराउन स्थानीय प्रशासनलाई स्वच्छ, सक्षम र व्यवसायिक बनाउँदै आर्थिक एवं वित्तीय सुशासनलाई प्रवर्द्धन गर्ने गरि कार्य गरियो । सूचना सम्प्रेषणको लागि सूचना प्रविधिको विकास तथा उपयोगबाट सर्वसाधारणको सूचनामा पहुँच सुनिश्चित गर्ने गरि कार्य गरियो। स्थानीयस्तरमा हुने विवाद निरुपण गर्न हरेक वडामा रहेका मेलमिलाप केन्द्रहरुलाई सुदृढीकरण गरि सक्रिय गराइयो । गाउँपालिकाको न्यायिक समितिको र मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गर्न तालिम कार्यक्रमहरु सञ्चालन गरियो। गाउँपालिका र वडाबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी वनाउन कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरियो। राक्सिराङ गाउँपालिकाका सवै वडामा सञ्चार सुविधाको सहज पहुँचको लागि टेलिफोन तथा इन्टरनेट सेवा सञ्चालनको लागि थप पहल गरियो। राक्सिराङ गाउँपालिकाको विकासको खाका कोर्ने गाउँपालिकाको विद्युतीय पार्श्वचित्र निर्माणको कार्यारम्भ गरियो । समग्र गाउँपालिकाको पञ्चवर्षीय आवधिक योजना निर्माण गरी योजनावद्ध विकासको माध्यमबाट गाउँपालिकाको सवै क्षेत्रमा समन्यायिक विकास गर्ने अनुरुप आवधिक योजना निर्माण गरियो । गाउँ कार्यपालिका कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन आवश्यक पहल गरिएको। सुशासनका आधारभुत मान्यताहरुलाई आत्मसात गर्दै तद्अनुकुलको व्यवहार गर्दै लागिएको । कार्यालयको उजुरीपेटीका मार्फत उजुरी गुनासाहरुलाई नियमित रुपमा फछ्र्यौट गर्दै लागिएको । सेवाग्राहीहरुलाई सहजीकरण गर्नका लागि कार्यालयको मुखैमा हेल्पडेक्सको व्यवस्था गरिएको। योजना कार्यान्वयनलाई चुस्त तथा दुरुस्त, पारदर्शी, कडाई तथा अझ प्रभावकारी बनाई जनतालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्म पुगी मुद्दा दायर गर्नेसम्मको गतिविधि साथै राजनीतिक आस्था, स्वार्थ तथा रिसइविको आधारमा अख्तियारमा मुद्धा हाल्ने प्रवित्तिमा कमि ल्याइएको । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता भएका मुद्धा मामिलाको यथाशिघ्र फछ्यौट तथा सुनुवाईको लागि आवश्यक पहल गरिएको। टोलटोलमै गाउँसरकारको प्रत्यक्ष अनुभूती दिलाउन टोलटोलमा गई सार्वजनिक सुनुवाई गर्ने, योजना सम्झौता गर्ने जस्ता कार्यलाई निरन्तरता दिइएको। गाउँपालिकासँग सरोकार राख्ने जनताका गुनासोहरु, समस्याहरुको सुनुवाई एवं समाधानार्थ गाउँपालिकाले रेडियो कार्यक्रमहरु संचालन गरेको छ ।

## आर्थिक बर्ष २०७७/०७८ मा सम्पादन भएका महत्वपूर्ण योजना तथा कार्यक्रमहरुः

- कार्यपालिकाको कार्यालयको प्रशासकीय भवनको निर्माण कार्य सुरु
- मनहरी-चैनपुर-मलेखु सडक खण्डमा पर्ने अत्यन्त जटिल मानिएको परेवाभिर सडक खण्डको निर्माण कार्य सुरु
- १० शैयाको आधारभूत अस्पताल निर्माणका लागि ठेक्का आह्वान
- चेपाङ् संग्रहालयको निर्माणका लागि ठेक्का आह्वान
- मेडिकल अधिकृत सहितको कोभिड अस्पताल संचालन
- घरदैलो उपचार सेवा र औषधि वितरण सहितको आमा बुवा बचाउ कार्यक्रमको निरन्तरता
- गाउँपालिकाको विद्युतीय पार्श्वचित्र निर्माण कार्यको सुरुवात (स्मार्ट पालिका)
- विपद व्यवस्थापन कोषको प्रभावकारी प्रयोग गरि कोभिड १९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापन र अन्य विपद पिडितहरुलाई सहयोग राहत तथा उद्दार कार्य (Rapid Response Team तयारी अवस्थामा राखिएको)
- घरदैलो अपाङ्गता परिचयपत्र वितरण कार्यको सुरुवात
- खाद्य तथा पोषण सुरक्षा योजना तर्जुमा गरिएको
- आवधिक योजना तर्जुमा गरिएको
- भू-उपयोग नीति तर्जुमा गरिएको
- जिल्लामै पहिलो पटक स्थानीय पाठ्यक्रम / पाठ्यपुस्तक तयार गरि लागु लागिएको (१-५)
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सुचिकृत विपन्न बेरोजगारहरुलाई आंशिक रोजगारी प्रदान गरिएको
- खरको छाना विस्थापन कार्यक्रम संचालन गरिएको
- एक नि.मा.वि. एक ल्यापटप वितरण गरिएको
- सडक निर्माण तर्फका योजनाहरुमा ६०% बजेट सडक स्तरीकरणका लागि सुनिश्चित गरिएको
- छोरी बुहारी, चेपाङ, दलित, विपन्नहरुलाई छात्रवृत्ति प्रदान गरिएको
- चेपाङ विद्युतीकरण कार्य अघि बढाइएको
- स्थानीय भाषामा अडियो बडापत्र तयार गरि वडा कार्यालयहरुमा राखिएको।

| राक्सिराङ्ग गाउँपालिकामा आ.व. २०७७-२०७८ सञ्चालन भएका योजनाहरुको प्रगति विवरण | | | |
|---|---|---|---|
| क) उपभोक्ता समिति मार्फत आ.व. २०७७-२०७८ सञ्चालन भएका योजनाहरुको प्रगति विवरण | | | |
| क्र.सं. | शिर्षक | जम्मा योजना संख्या | सम्पन्न योजना संख्या |
| १ | आर्थिक विकास | १५ | १४ |
| २ | सामाजिक विकास | ६६ | ६५ |
| ३ | पूर्वाधार विकास | १४१ | १३७ |
| ४ | बातावरण तथा विपत ब्यवस्थापन | ५ | ५ |
| | **जम्मा** | २२७ | २२१ |
| ख) गा.पा तथा संघ संस्था मार्फत आ.व. २०७७-२०७८ मा सामाजिक विकास तर्फ सञ्चालन भएका योजनाहरुको प्रगति विवरण | | | |
| १ | **सामाजिक विकास** | ३७ | १९ |
| ग) आ.व. २०७७-२०७८ मा कृषि तथा पशु तर्फ सञ्चालन भएका योजनाहरुको प्रगति विवरण | | | |
| १ | **कृषि तथा पशु** | १५ | १३ |
| घ) आ.व. २०७७-२०७८ मा शिक्षा तर्फ सञ्चालन भएका योजनाहरुको प्रगति विवरण | | | |
| १ | **विद्यालय क्षेत्र विकास कार्यक्रम** | १४ | ११ |
| २ | **गाउँपालिका तर्फबाट संचालन भएका योजना** | ३० | २२ |
| ङ ) आ.व. २०७७-२०७८ मा लघु उद्यम तर्फ सञ्चालन भएका योजनाहरुको प्रगति विवरण | | | |
| १ | **गरिबि निवारणका लागी लघु उधम विकास कार्यक्रम** | ९ | ९ |
| च) आ.व. २०७७-२०७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ सञ्चालन भएका योजनाहरुको प्रगति विवरण | | | |
| १ | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | १९ | १७ |
| छ ) | च) आ.व. २०७७-२०७८ मा स्वास्थ्यतर्फ सञ्चालन भएका योजनाहरुको प्रगति विवरण | | |
| १ | **स्वास्थ्य** | ३६ | ३६ |
| ज) | आ.व. २०७७-२०७८ ठेक्का मार्फत सञ्चालन भएका योजनाहरुको प्रगति विवरण | २८ | २१ |
| | **जम्मा** | ४१५ | ३६९ |

# आर्थिक बर्ष २०७७/०७८ को बजेट तथा प्रगति विवरण

| बजेट | बजेट रु. | खर्च रु. | प्रतिशत |
|---|---|---|---|
| चालु | २९१२०२०८७ | २२९८७३०७४.९ | ७८।९४ |
| पुँजीगत | ३०५२४१००० | २१४२३६३४७ | ७०।१९ |
| **जम्मा** | **५९६४४३०८७** | **४४४१०९४२२** | **७४।४६** |

### वित्तीय समानीकरण अनुदानः

| श्रोत | प्राप्त रकम | खर्च रकम | प्रतिशत |
|---|---|---|---|
| संघ | ९८५००००० | ५१८८८७०७ | ५२।६८ |
| प्रदेश | १०२००००० | ६४१८२२४ | ६२।९२ |

### शसर्त अनुदान :

| श्रोत | प्राप्त रकम | खर्च रकम | प्रतिशत |
|---|---|---|---|
| संघ | २२६५५२८१० | १८६५३१३०१ | ८२।३३ |
| प्रदेश | २७१२६००० | २३७५३८३० | ८७।५७ |

### समपुरक अनुदान

| श्रोत | प्राप्त रकम | खर्च रकम | प्रतिशत |
|---|---|---|---|
| संघ | ० | ० | ० |
| प्रदेश | २९९०७००० | ११५४४६०२ | ३८।६० |

### विशेष अनुदान

| श्रोत | प्राप्त रकम | खर्च रकम | प्रतिशत |
|---|---|---|---|
| संघ | २०००००००० | १८३२०४६९ | ९१।६० |
| प्रदेश | ३५००००० | ३३११९४७ | ९४।६० |

### राजश्व बाँडफाँड

| श्रोत | प्राप्त रकम | खर्च रकम | प्रतिशत |
|---|---|---|---|
| संघ | ८७८४७२८० | ७०६८५७२१ | ८०।४६ |
| प्रदेश | ४२८००००० | ३३०१५१६३ | ७७।१४ |

**बेरुजु र आन्तरिक आय :**

| | |
|---|---|
| हालसम्मको जम्मा बेरुजु | रु.४५५३३००० |
| आ.व.२०७७/०७८ मा सम्परीक्षणका लागि पेस गरिएको | रु.२६३३१११३ |
| आन्तरिक आय | रु.३८६३३५१०.०९ |

# क्षेत्रगत बजेट तथा खर्च

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३८६२९००० | २८७२३९२९ | ७४।३६ |
| | कृषि | १९८३९००० | १३२६१५८० | ६६।८५ |
| | उद्योग | ४१००००० | ३६३३७३९ | ८८।६३ |
| | पर्यटन | १३००००० | ७००००० | ५३।८५ |
| | सहकारी | २०००००० | १३३२३६५ | ६६।६२ |
| | वित्तीय क्षेत्र | ३७९०००० | ३६६४२६४ | ९६।६८ |
| | जलश्रोत तथा सिँचाई | ७३००००० | ६१३१९८१ | ८४।०० |
| | भूमि व्यवस्था | ३००००० | ० | ०।०० |
| २ | सामाजिक विकास | २३७०५८००० | १९०६२९६३१.४ | ८०।४१ |
| | शिक्षा | १२७१५६००० | १०४७१३८३४.३ | ८२।३५ |
| | स्वास्थ्य | ६८६६७००० | ५६०६६५८३.३ | ८१।६५ |
| | खानेपानी तथा सरसफाई | १६६३५००० | १५६३८२१५ | ९४।०१ |
| | भाषा संस्कृति | ५००००० | ४९६८७१ | ९९।३७ |
| | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ४८००००० | १५५०३२२ | ३२।३० |
| | युवा तथा खेलकुद | ६२५०००० | २६८६७७५ | ४२।९९ |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १३०५०००० | ९४७७०३०.८ | ७२।६२ |
| ३ | पूर्वाधार विकास | २१७२९९००० | १४७५२७४९७ | ६७।८९ |
| | यातायात पूर्वाधार | १५९९७४००० | ११४०३७३८५ | ७१।२८ |
| | भवन, आवास तथा सहरी विकास | ५०८२५००० | २८५८९७२२ | ५६।२५ |
| | उर्जा | ३२००००० | २४०३४४३ | ७५।११ |
| | संचार तथा सूचना प्रविधि | ७००००० | ० | ०।०० |
| | सम्पदा पूर्वाधार | २५००००० | २३९८२९८ | ९५।९३ |
| | पुनर्निर्माण | १००००० | ९८६४९ | ९८।६५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३९६२२००० | २७९४४५४८ | ७०।५३ |
| | वातावरण तथा जलवायु | १६९०००० | ८८७४१६ | ५२।५१ |
| | विपद व्यवस्थापन | १००००००० | १००००००० | १००।०० |
| | मानव संशाधन विकास | ३००००० | ० | ०।०० |
| | शान्ति तथा सुव्यवस्था | ४४००००० | २४९८२६९ | ५६।७८ |

| | | | | |
|---|---|---|---|---|
| | कानुन तथा न्याय | १००००० | ० | ०।०० |
| | शासन प्रणाली | ४७००००० | २५९५१३५ | ५५।२२ |
| | गरिबी निवारण | ८९०००० | ८७०७०० | ९७।८३ |
| | योजना तर्जुमा र कार्यान्वयन | ११५४००० | १०६०३०० | ९१।८८ |
| | प्रशासकीय सुधार | १५४८८००० | ९१३२७२८ | ५८।९७ |
| | वित्तीय शुसासन | ९००००० | ९००००० | १००।०० |
| **५** | **कार्यालय संचालन तथा प्रशासनिक** | **६३८३५०८७** | **४९२८३८१६.५** | **७७।२०** |
| | कार्यालय संचालन तथा प्रशासनिक | ६३८३५०८७ | ४९२८३८१६.५ | ७७।२० |
| | | | | |

## सामाजिक सुरक्षा विवरण (२०७७/०७८ को तेश्रो चौमासिक अनुसार):

| वडा नं | जेष्ठ नागरिक भत्ता(७०बर्षमाथि) | जेष्ठ नागरिक भत्ता (दलित) | जेष्ठ नागरिक एकल महिला | विधवा (आर्थिक सहायता) | क बर्ग अपाङ्ग | ख बर्ग अपाङ्ग (आर्थिक सहायता) | दलित बालबालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या |
| १ | १५० | ४ | २० | २८ | ९ | ६ | ४ | २२१ |
| २ | ११८ | ५ | १८ | २१ | ३ | ५ | ६ | १७६ |
| ३ | २१९ | १९ | ३५ | ५३ | ५ | १५ | २८ | ३७४ |
| ४ | १९१ | ६ | २० | ४० | ० | ४ | १० | २७१ |
| ५ | १३६ | २ | २० | ३३ | ० | ३ | ८ | २०२ |
| ६ | १०४ | १ | १५ | २८ | १ | ४ | ३ | १५६ |
| ७ | ११५ | २ | ९ | २० | १ | २ | ० | १४९ |
| ८ | १५७ | २ | १० | २१ | २ | ३ | ७ | २०२ |
| ९ | १४८ | १० | १२ | ३२ | १ | ७ | ५ | २१५ |
| **जम्मा** | **१३३८** | **५१** | **१५९** | **२७६** | **२२** | **४९** | **७१** | **१९६६** |

## पंजीकरण विवरण (२०७७ बैशाख-चैत्र)

| वडा नं. | जन्म दर्ता | | | मृत्यु दर्ता | | | बिबाह दर्ता | बसाईसराई दर्ता | | सम्बन्ध बिच्छेद दर्ता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | आएको | गएको | |
| १ | ७१ | ८९ | १६० | १० | ११ | २१ | २४ | ० | ३९ | ० |
| २ | ५२ | ४६ | ९८ | १३ | ८ | २१ | १७ | २ | २८ | ० |
| ३ | ८७ | ७१ | १५८ | २९ | १४ | ४३ | ५७ | ३ | ४० | ० |
| ४ | ६३ | ६९ | १३२ | २८ | १२ | ४० | ४५ | २ | ८० | ० |
| ५ | ७४ | ५५ | १२९ | १९ | १५ | ३४ | ४२ | 0 | 45 | 1 |
| ६ | ६५ | ६७ | १३२ | १४ | ५ | १९ | ३१ | ० | २३ | ० |
| ७ | ५९ | ४७ | १०६ | १३ | ४ | १७ | २६ | ० | २१ | ० |
| ८ | ९३ | १२४ | २१७ | १७ | १३ | ३० | ४० | ० | ९२ | ० |
| ९ | ९७ | ९९ | १९६ | १८ | ११ | २९ | ५३ | ० | ३७ | ० |
| **जम्मा** | **६६१** | **६६७** | **१३२८** | **१६१** | **९३** | **२५४** | **३३५** | **७** | **४०५** | **१** |

## आ.व २०७७/०७८ को न्याय सम्पादन विवरण :

- न्यायिक समितिमा परेका मुद्दा संख्या : १०
- मेलमिलापको मध्यमबाट समाधान गरीएको : ७
- मेलमिलापको माध्यमबाट समाधान गर्न नसकी माथिल्लो निकायमा पठाएको मुद्दा : २
- उपस्थित नभई डीसमिस भएको मुद्दा : १
- मेलमिलाप केन्द्रहरुबाट समाधान भएको मुद्दा : ७

## कोरोना भाइरस रोकथाम तथा नियन्त्रण सम्बन्धमा :

- कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि विपद व्यवस्थापन कोष स्थापना गरिएको
- माथिल्लो निकायसँग समन्वय गरि स्थानीय जनताहरुलाई कोरोना विरुद्दको खोप दिन सुरु गरिएको
- सिविर तथा स्वास्थ्य संस्थाहरु मार्फत कोभिड परिक्षणको व्यवस्था मिलाइएको
- बन्दाबन्दीमा बाहिरी जिल्लाहरुमा अलपत्रमा परेका गाउँपालिकावासीहरुको उद्दार गरिएको
- क्वारेन्टाइन संचालन गरीएको (इन्टरनेट, बत्ति, पानी, ट्वाइलेट, बाथरुम, खाना, खाजा)
- मेडिकल अधिकृत सहितको कोभिड अस्पताल संचालनमा ल्याइएको
- स्थानीय रेडियो, पत्रपत्रिका मार्फत साथै माइकिङ्ग, पर्चा/पम्प्लेट, वेबसाइट, सामाजिक संजाल मार्फत चेतनामुलक सामाग्रीहरु प्रवाह गरिएको
- कर्मचारीहरुको कोभिड बिमा गराइएको

## २०७७/०७८ मा पारित ऐन, नियम, कानुन, कार्यविधि तथा निर्देशिकाहरुः

| दर्ता नं. | दर्ता मिति | ऐन, नियम, कानून, कार्यविधि, निर्देशिका आदीहरुको नाम | पारीत मिति र निकाय |
|---|---|---|---|
| ४९ | २०७७/०६/२६ | वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०७७ | २०७७/०६/२६ को गाउँसभाको आठौं विशेष अधिवेशन |
| ५० | २०७७/०६/३० | खरको छाना प्रतिस्थान गर्ने सम्वन्धी कार्यविधि, २०७७ | २०७७/०६/३० को ५२औं कार्यपालिका बैठक |
| ५१ | २०७७/०६/३० | राक्सिराङ्ग गाउँपालिका विद्यालय प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलाप सञ्चालन कार्यविधि, २०७७ | २०७७/०६/३० को ५२औं कार्यपालिका बैठक |
| ५२ | २०७७/०६/३० | संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ | २०७७/०६/३० को ५२औं कार्यपालिका बैठक |
| ५३ | २०७७/०६/३० | आ.व. २०७७/०७८ को वार्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न वनेको कार्यक्रम कार्यान्वयन (पहीलो शंसोधन) कार्यविधि, २०७७ | २०७७/०६/३० को ५२औं कार्यपालिका बैठक |
| ५४ | २०७७/०८/२६ | महीला समूह सञ्चालन कार्यविधि, २०७७ | २०७७/०८/२६ को ५४औं कार्यपालिका बैठक |
| ५५ | २०७७/०८/२६ | मानव बेचविखन तथा ओसार पसार नियन्त्रण स्थानीय समिति (गठन तथा परिचालन) कार्यविधि, २०७७ | २०७७/०८/२६ को ५४औं कार्यपालिका बैठक |
| ५६ | २०७७/१०/२८ | राक्सिराङ्ग गाउँपालिका विद्यालय प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलाप सञ्चालन (पहिलो शंसोधन) कार्यविधि, २०७७ | २०७७/१०/२८ को ५७औं कार्यपालिका बैठक |
| ५७ | २०७७/१०/२८ | राक्सिराङ्ग गाउँपालिकाको आ.व. २०७७/०७८ को वार्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न वनेको कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७७ | २०७७/१०/२८ को ५७औं कार्यपालिका बैठक |
| ५८ | २०७७/१०/२८ | राक्सिराङ्ग गाउँपालिका विद्यालय प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलाप सञ्चालन (पहिलो संशोधन कार्यविधि, २०७७ | २०७७/१०/२८ को ५७औं कार्यपालिका बैठक |
| ५९ | २०७७/११/२६ | राक्सिराङ्ग अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ | २०७७/११/२६ को ५८औं कार्यपालिका बैठक |
| ६० | २०७७/१२/ २६ | राक्सिराङ्ग गाउँपालिका मेलमिलाप कार्यसञ्चालन कार्यविधि, २०७७ | २०७७/१२/ २६ को ६०औं कार्यपालिका बैठक |
| ६१ | २०७७/१२/ २६ | नदिजन्य पदार्थको संकलन एवं विक्री शुल्क उठाउने सम्वन्धी कार्ययोजना, २०७७ | २०७७/१२/ २६ को ६०औं कार्यपालिका बैठक |
| ६२ | २०७७/१२/ २६ | राक्सिराङ्ग गाउँपालिका शिक्षा (पहिलो संशोधन) नियमावली, २०७७ | २०७७/१२/ २६ को ६०औं कार्यपालिका बैठक |
| ६३ | २०७८/०१/२० | भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको तथ्याङ्क संकलन र नापनक्सा सम्बन्धी कार्ययोजना, | २०७८/०१/२० को ६१औं कार्यपालिका बैठक |
| ६४ | २०७८/०१/२० | कोरोना भाइरस (SARC COVID-२) संक्रमण रोकथाम तथा ऋइइक्ष्म अस्पताल सञ्चालन कार्ययोजना-२०७८ | २०७८/०१/२० को ६१औं कार्यपलिका बैठक |
| ६५ | २०७८/०३/१० | आ.ब. २०७८/७९ को आर्थिक ऐन | २०७८/०३/१० को गाउँसभाको दशौं अधिवेशन |
| ६६ | २०७८/०३/१० | आ.ब. २०७८/७९ को विनियोजन ऐन | २०७८/०३/१० को गाउँसभाको दशौं अधिवेशन |
| ६७ | २०७८/०३/१० | स्थानीय वन ऐन, २०७८ | २०७८/०३/१० को गाउँसभाको दशौं अधिवेशन |
| ६८ | २०७८/०३/२५ | आ.व. २०७८/०७९ को वार्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न वनेको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ | २०७८/०३/२५ को ६५औं कार्यपालिका बैठक |
| ६९ | २०७८/०३/२५ | राक्सिराङ्ग गाउँपालिकाको होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ | २०७८/०३/२५ को ६५औं कार्यपालिका बैठक |

## पदाधीकारी तथा कार्यपालिका सम्बन्धी विवरण

संघिय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक नेपालको संविधान २०७२ तथा राज्य पूर्नसंरचना सम्बन्धी व्यवस्थाको कार्यान्वयनका सन्दर्भमा स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ। यस निर्वाचना मार्फत आगामी ५ वर्षका लागि जनप्रतिनिधीहरु गाउँपालिकाले पाएको छ । यस गाउँपालिकामा निर्वाचित पदाधीकारी र कार्यपालिकाका पदाधीकारी सम्बन्धी विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| नाम | पद | ठेगाना (वडा) | सम्पर्क नं |
|---|---|---|---|
| राजकुमार मल्ल | अध्यक्ष | राक्सिराङ्ग ९, खैराङ | ९८५५०७७६०१ |
| निर्मला हिम्डुङ | उपाध्यक्ष | राक्सिराङ्ग २, कुँडले | ९८५५०७७६०२ |
| कान्छाराम रुम्बा | वडा अध्यक्ष, वडा नं. ०१ | राक्सिराङ्ग १, कूपीनटार | ९८४५२८९८२२ |
| सूर्य बहादुर मुक्तान | वडा अध्यक्ष वडा नं. ०२ | राक्सिराङ्ग २, कुँडले | ९८४५२३५५९२ |
| बाबुलाल स्याङतान | वडा अध्यक्ष वडा नं. ०३ | राक्सिराङ्ग ३, पलाँसे | ९८४५५८८३०१ |
| संजय कोइराला | वडा अध्यक्ष वडा नं. ०४ | राक्सिराङ्ग ४, भिमलटार | ९८५५०७१०२५ |
| चन्द्र सिंह प्रजा | वडा अध्यक्ष वडा नं. ०५ | राक्सिराङ्ग ५, जिर्खेडाँडा | ९८४५६५९९१८ |
| सिंगलाल प्रजा | वडा अध्यक्ष वडा नं. ०६ | राक्सिराङ्ग ६, सिलिङ्गे | ९८५५०६२४६८ |
| कुल बहादुर प्रजा | वडा अध्यक्ष वडा नं. ०७ | राक्सिराङ्ग ७, दाम्राङ | ९८४५१६८९१७ |
| राम कृष्ण प्रजा | वडा अध्यक्ष वडा नं. ०८ | राक्सिराङ्ग ८, देवीटार | ९८४५२०६०८२ |
| राम कुमार वाल्वा थिङ | वडा अध्यक्ष वडा नं. ०९ | राक्सिराङ्ग ९, गैजुराङ | ९८५५०७०३५८ |
| सिमोन वि.क. | कार्यपालिका सदस्य | राक्सिराङ्ग ३, भिल्किने | ९८४५२३४९९२ |
| मैना कुमारी गोले | कार्यपालिका सदस्य | राक्सिराङ्ग १, सानो भावर | ९८११४१२२० |
| गौरीमाया स्याङतान | कार्यपालिका सदस्य | राक्सिराङ्ग ८, पाङ्थली | ९८११२११०५५ |
| कर्णकुमारी राउत | कार्यपालिका सदस्य | राक्सिराङ्ग ९, खैराङ | ९८४०३९२३०१ |
| सुकुमाया वि.क. | कार्यपालिका सदस्य | राक्सिराङ्ग ७, दाम्राङ | ९८६०५४०६०१ |

## निर्वाचित वडा प्रतिनिधिहरुको विवरण

| सि.नं. | वडा कार्यालय | निर्वाचित प्रतिनिधिको नाम, | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | वडा कार्यालय, वडा नं. १,सरिखेत | श्री कान्छाराम रूम्बा | वडा अध्यक्ष | ९८४५२८९८२२ |
| | | श्री लाल कुमार चेपाङ | वडा सदस्य | ९८६०८३५१३२ |
| | | श्री सूर्य बहादुर गोले | वडा सदस्य | ९८१३५९७९५३ |
| | | श्री मैना कुमारी गोले | महिला वडा सदस्य | ९८५५०७६६४६ |
| | | श्री माया देवी सुनार | दलित महिला वडा सदस्य | ९८२१२०७२२८ |
| २ | वडा कार्यालय,वडा नं. २,सरिखेत | श्री सूर्य बहादुर मुक्तान | वडा अध्यक्ष | ९८४५२३५५९२ |
| | | श्री खिल ब. राना मगर | वडा सदस्य | ९८४५६५८०६६ |
| | | श्री गोपीलाल चेपाङ | वडा सदस्य | ९८४५६१३०६४ |
| | | श्री टिका माया मगर | महिला वडा सदस्य | ९८४५७८२५७१ |
| | | श्री पातली दमाई | दलित महिला वडा सदस्य | ९८१११८९२७४ |
| ३ | वडा कार्यालय,वडा नं. ३,सरिखेत | श्री बाबुलाल स्याङतान | वडा अध्यक्ष | ९८४५५८८३०१ |
| | | श्री केदार सुवेदी | वडा सदस्य | ९८४५०७७४७१ |
| | | रिक्त | वडा सदस्य | |
| | | रिक्त | महिला वडा सदस्य | |
| | | श्री सुनिता नेपाली | दलित महिला वडा सदस्य | ९८४५७२९४४३ |
| ४ | वडा कार्यालय,वडा नं. ४,राक्सिराङ्ग | श्री संजय कोईराला | वडा अध्यक्ष | ९८५५०७१०२५ |
| | | श्री कर्ण बहादुर बल | वडा सदस्य | |
| | | श्री राजेन्द्र बल | वडा सदस्य | |
| | | श्री सुनमाया ब्लोन | महिला वडा सदस्य | ९८१५७०२३१९ |
| | | श्री चनमति सुनार | दलित महिला वडा सदस्य | |
| ५ | वडा कार्यालय,वडा नं. ५,राक्सिराङ्ग | श्री चन्द्र सिंह प्रजा | वडा अध्यक्ष | ९८४५६५९९१८ |
| | | श्री सुजन प्रजा | वडा सदस्य | ९८४५१४८८२१ |
| | | श्री सुरेश घलान | वडा सदस्य | ९८४५२९६६७७ |
| | | श्री विन्दुमाया मुक्तान | महिला वडा सदस्य | ९८६५०७६६९९ |
| | | श्री कौशिला माया सुनार | दलित महिला वडा सदस्य | ९८१६१८६१७२ |

| | | | | |
|---|---|---|---|---|
| ६ | वडा कार्यालय,वडा नं. ६,कांकडा | श्री सिंगलाल प्रजा | वडा अध्यक्ष | ९८५५०६२४६८ |
| | | श्री बुद्वीलाल थिङ | वडा सदस्य | ९८०६८९१४९३ |
| | | श्री भिम बहादुर तामाङ | वडा सदस्य | ९८६५१८७९३७ |
| | | श्री हिरामाया थिङ | महिला वडा सदस्य | ९८६५२४९२८१ |
| | | श्री प्रेममाया वि.क. | दलित महिला वडा सदस्य | ९८०४२००३८६ |
| ७ | वडा कार्यालय,वडा नं. ७,कांकडा | श्री कुल बहादुर प्रजा | वडा अध्यक्ष | ९८४५१६८९१७ |
| | | श्री चतुरमान पाख्रिन | वडा सदस्य | ९८४५९०७९०१ |
| | | श्री सुनिल ब्लोन | वडा सदस्य | ९८४५६६९२४१ |
| | | श्री रिषिमाया प्रजा | महिला वडा सदस्य | ९८१४४९४२८३ |
| | | श्री सुकुमाया वि.क. | दलित महिला वडा सदस्य | ९८५५०७६६४१ |
| ८ | वडा कार्यालय,वडा नं. ८,कांकडा | श्री रामकृष्ण प्रजा | वडा अध्यक्ष | ९८५५०७६६०८ |
| | | श्री जय बहादुर तितुङ | वडा सदस्य | ९८५५०७१६४१ |
| | | श्री राजु प्रजा | वडा सदस्य | ९८४५३१५३४३ |
| | | श्री गौरीमाया स्याङतान | महिला वडा सदस्य | ९८५५०७६६४५ |
| | | श्री विमाला सुनार | दलित महिला वडा सदस्य | ९८६०८३५९०६ |
| ९ | वडा कार्यालय,वडा नं. ९,स्वैराङ्ग | श्री रामकुमार वाल्वा थिङ | वडा अध्यक्ष | ९८५५०७६६०९ |
| | | श्री सुक बहादुर प्रजा | वडा सदस्य | ९८४५७७९८९३ |
| | | श्री सुमन नगरकोटी | वडा सदस्य | ९८४५७७६८३७ |
| | | श्री कर्ण कुमारी राउत | महिला वडा सदस्य | ९८५५०७६६४४ |
| | | श्री सर्मिला सुनार | दलित महिला वडा सदस्य | ९८४५८४५००५ |

## राक्सिराङ्ग गाउँपालिकाको कार्यालय, चैनपुर, मकवानपुरको स्विकृत एकिकृत दरबन्दी तालिकाः

| सि. नं. | पद | श्रेणी/तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरबन्दी | कार्यरत कर्मचारीको नाम, थर | रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | ८औं | प्रशासन | सामान्य प्रशासन | | १ | श्री देब चन्द्र गर्तौला | - |
| २ | ईन्जिनियर | ७/८औं | ईन्जि. | सिभिल | | १ | श्री शर्मिला पौडेल | - |
| ३ | अधिकृत | ७/८औं | शिक्षा | शि.प्र. | | १ | श्री प्रदिप पराजुली | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | अधिकृत | ७/८औं | प्रशासन | लेखा | | १ | श्री राजेन्द्र भट्टराई | - |
| ५ | अधिकृत | ६औं | प्रशासन | सामान्य प्रशासन | | २ | श्री चुन नारायण श्रेष्ठ<br>श्री गोविन्द अधिकारी | -<br>- |
| ६ | आन्तरिक लेखापरीक्षक | ५औं | प्रशासन | लेखा | | १ | श्री चन्द्रलाल लामा | - |
| ७ | सहायक | ५औं | प्रशासन | सामान्य प्रशासन | | ८ | श्री निशीथ प्रसाद शर्मा<br>श्री राम प्रसाद भट्टराई<br>श्री दशरथ गुरागाईं<br>श्री पुनम कुमार रुम्बा<br>श्री सन्ध्या न्यौपाने<br>श्री पुजा अर्याल | २ |
| ८ | कम्प्युटर अपरेटर | ५औं | विविध | | | १ | श्री नवराज रिजाल | - |
| ९ | लेखा सहायक | ५औं | प्रशासन | लेखा | | १ | श्री सत्येन्द्र आचार्य | - |
| १० | प्रा.स. | ५औं | शिक्षा | शि.प्र. | | १ | श्री पासाङ लामा बल | - |
| ११ | हे.अ./जनस्वास्थ्य निरीक्षक | ५/६औं | स्वास्थ | | | १ | श्री विजय कुमार कापरी | - |
| १२ | सव-ईन्जिनियर | ५औं | ईन्जि. | सिभिल | | ५ | श्री उत्तम उप्रेती<br>श्री सविता क्षेत्री श्रेष्ठ | ३ |
| १३ | असिस्टेन्ट-सव-ईन्जिनियर | चौथो | ईन्जि. | सिभिल | | ६ | श्री रोशन कार्की<br>श्री मनोज प्रजा<br>श्री प्रेम बहादुर बल | ३ |
| १४ | स.महीला विकास निरीक्षक | चौथो | विविध | | | १ | | १ |
| १५ | खा.पा.स.टे. | चौथो/पाँचौ | ईन्जि. | सिभिल | स्यानेटरी | १ | श्री प्रवेश सापकोटा | - |
| १६ | सहायक | चौथो | प्रशासन | सामान्य प्रशासन | | ५ | श्री सावित्री पौडेल<br>श्री ललितमान तामाङ<br>श्री भावना कँडेल<br>श्री प्रमिला हुमागाँई | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ | अधिकृत | ७/८औं | नेपाल कृषि सेवा | | | १ | | १ |
| १८ | सहायक | ५औं | नेपाल कृषि सेवा | | | २ | | २ |
| १९ | सहायक | चौथो | नेपाल कृषि सेवा | | | १ | | १ |
| २० | अधिकृत | ७/८औं | नेपाल कृषि सेवा | भेट | | १ | | १ |
| २१ | प.स्वा.प्रा. | ५औं | नेपाल कृषि सेवा | भेट | | १ | | १ |
| २२ | पशु सेवा प्राविधिक | ५औं | नेपाल कृषि सेवा | ला.पो.डे.डे. | | १ | | १ |
| २३ | ना.प.स्वा.प्रा. | ५औं | नेपाल कृषि सेवा | भेट | | १ | | १ |
| २४ | नायब पशु सेवा प्राविधिक | चौथो | नेपाल कृषि सेवा | ला.पो.डे.डे. | | १ | | १ |
| कुल जम्मा | | | | | | ४६ | २७ | १९ |

अन्त्यमा, कोभिड १९ का कारण सिर्जित विषम परिस्थितिमा समेत "कृषि, विद्युत, पर्यटन र पूर्वाधार, राक्सिराङ विकासको आधार" भन्ने यस गाउँपालिकाको महान अभियान एवं आ.व. २०७७/०७८ को बजेट कार्यान्वयनमा प्रत्यक्ष, अप्रत्यक्ष रुपले साथ र सहयोग गर्नुहुने केन्द्र तथा प्रदेश सरकार, गाउँपालिका परिवार, राजनीतिक दलहरु, सहकारी संस्था, गैरसरकारी संघ संस्थाहरु, समाजसेवी तथा वुद्धिजिवीहरु, कर्मचारी लगायत सम्पूर्ण सहयोगी मनहरुलाई हृद्धयदेखि धन्यवाद दिंदै आगामी दिनहरुमा पनि यस्तै साथ र सहयोगको अपेक्षा गर्दछौं ।

धन्यवाद ।